**गौमुल गाँउपालिकाको कार्यालय**
**घटमुना,बाजुरा**

# सिलबन्दी दरभाउपत्र आव्हावान सम्वन्धी सूचना

(प्रथम पटक सुचना प्रकाशित मिति :२०७४।१२।२०

यस गौमुल गाँउपालिकाको कार्यालयको तपशिल अनुसार खरिद तथा ढुवानी कार्यहरु ठेक्का पट्टाबाट गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त सप्लायर्स व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हा्वान गरिएको छ ।

१. सिलबन्दी दरभाउपत्र सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा खरिद गर्न सकिनेछ । खरिद गरिएको दरभाउपत्र पछि फिर्ता नहुने गरी तपसिलमा उल्लेख भए अनुसारको दस्तुर बुझाई लिखित निवेदनका साथ आ.व.०७४।०७५ को लागी नवीकरण गरिएको इजाजत पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र आ.व.०७३।०७४ सम्मको कर चुक्ता प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपी पेस गरी कार्यालय समयभित्र सम्बन्धित सप्लार्यस व्यवसायी वा अधिकार प्राप्त प्रतिनिधिबाट दरभाउपत्र खरिद गर्न सकिनेछ ।
२.खरिद भएको दरभाउपत्रमा उल्लेख भएका सबै विवरणहरु प्रस्टसंग भरी सप्लार्यस व्यवसायीले प्रत्येक पानामा सहीछाप, सिलवन्दी गरी खाम बाहिर फर्मको नाम र दरभाउपत्र नं.प्रस्टसंग लेखी दरभाउपत्र मिती २०७५।१।४ गते सम्म कार्यालय समय भित्र खरिद गर्न सकिने छ र मिती २०७५।१।०५ गतेका दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । यसरी दर्ता भएका दरभाउपत्रहरु सोहि दिन दिनको २:०० बजे सप्लार्यस व्यवसायी/ आधिकारिक प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ ।सो समयमा सप्लार्यस व्यवसायी/आधिकारीक प्रतिनिधीहरु उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्नमा बाधा पर्ने छैन।
३.दरभाउपत्र शर्त रहित हुनुको साथै दररेट महलमा अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
४.दरभाउपत्र जमानत वापत उल्लेख भए अनुसारको रकम गौमुल गाँपालिकाको कार्यालय ,बाजुराको धरौटी खाता नं B4CA 501479524002 मा नगदै जम्मा गरेको एन.आईसि.एसिया.बैंक, बाजुराको सक्कलै बैक भौचर वा घटिमा दरभाउपत्र दर्ता गर्ने अन्तिम मितीबाट ७५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी भएको बिडवण्ड अनिवार्य रुपले पेश गनुपर्नेछ ।
५.दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा साको भोलिपल्ट कार्यालय खुलेको दिन समयमा दर्ता गरी खोलिनेछ ।
६.म्यादभित्र दर्ता नभएका तथा रीत नपुगेका दरभाउपत्रहरु उपर कुनै कारबाही हुने छैन ।
७. प्रचलित ऐन,नियम, अनुसार दरभाउपत्र स्वीकृत गर्ने,अस्वीकृत गर्ने तथा आंशिक स्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।
८.यस सुचनामा केहि संशोधन गर्नु परेमा कार्यालयको सुचना पाटीमा टाँस गरिने छ । दरभाउपत्र सम्बन्धी थप जानकारी चाहिएमा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।
९.एक सप्लार्यस व्यवसायीको नाममा खरिद गरिएको दरभाउ पत्र अर्को फर्मबाट दाखिला गर्न पाईने छैन।
१०.दरभाउपत्रमा दररेट उल्लेख गर्दा मुल्य अभिवृद्धि कर बाहेकको मुल्य उल्लेख गर्नुपर्ने छ ।
११.दरभाउपत्र दाताले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझी दरभाउपत्र भरेको मानिने छ ।
१२.यस सुचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित ऐन,नियम, अनुसार हुने छ ।

| क्र स | बोलपत्र नं. | कामको विवरण | लगत अनुमान (मु.अ.क.बाहेक) रु. | दरभाउ पत्र दस्तुर रु. | दरभाउपत्र बापत जमानत रु. | दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | GRM Bajura/Works/Supply/02/074-75 | मालसामान खरिद तथा ढुवानी (ईलेक्ट्रोनीक्स) | १७६१७००।०० | १०००।- | ५०००० | प्रथम पटक सुचना प्रकाशित भएको मितिबाट १५ दिन भित्र | खरिद गरिएका सामाग्रीहरु यस गाँ.पा.का वडा कार्यालय सम्ममा ढुवानी गरि प्रत्येक वडामाबुझाउनु पर्ने छ । |
| २ | GRM Bajura/Works/Supply/03/074-75 | मालसामान खरिद तथा ढुवानी(फर्नीचर तथा सोलार) | १७६८५००।०० | १०००।- | ५०००० | प्रथम पटक सुचना प्रकाशित भएको मितिबाट १५ दिन भित्र | |

नि.प्रमुख प्रशासकिय अधिकृत